परमेश्वरको राज्य पहिले खोजी गर

पाष्टरीय तालीम पुस्तिका

२९

तालीम र वृद्धि

T&M ®

जय मसीह, जोहन !
कस्तो चल्दैछ ?

पाष्टर बाबु, म अलि
चिन्तित छु। हिज र
ाती म सुत्नै सकिनँ।
किन सक्नु भएन ? अब ता तपाईको
हृदयमा खीष्टले बास गर्नुभएको छ।
किन त्यति चिन्तित हुनुभयो ?

पाष्टर बाबु, मलाई थाहा छ। तर म ता मेरो परिवारलाई खुवाउन पनि समर्थ हुन सकिरहेको छैनँ। मेरो कामै छैन। मेरा नानीहरुलाई स्कूल जानको निम्ति नयाँ लुगाहरु चाहिन्छ। के गरुँ, म जान्दिनँ।

तर, भाइ, निकै दिन भइसक्यो नी तपाईले वरिपरि गएर आफ्नो समस्याबारे बताउनु भएको। तपाईले ता आफ्नो मुस्कुराहट पनि हराउनु भएछौ। रोमी ५:३ ले भन्छ, हामीले ता हाम्रो सङ्कष्टमा गर्व गर्नुपर्छ।

तर, पाष्टर, जब मैले मेरा नानीहरुलाई राम्ररी खुवाउन सक्तिनँ भने म कसरी हाँस्न सक्छु र ?



तपाईको भौतिक आवश्यकताबारे बाइबलले के भन्छ, तपाईलाई थाहा छ ?

बाइबलले ता हाम्रो आत्मिकी खाँचोबारे मात्र सिकाउँछ, होइन र ?
होइन । परमेश्वरले हाम्रा सबै खाँचोहरुको बारेमा अभिरुची लिनुहुन्छ, जस्तै येशूले लूका १२:२२-३४ मा भन्नुभयो ।
अहो, शायद मलाई कुनै धनी मिसनेरीले सहायता गर्न सक्ला ? तब.....


मिसनेरीलाई दुःख नदिनुहोस् ! उनी ता नयाँ मण्डलीका पाष्टरहरुलाई तालीम दिन व्यस्त छन् ! मिसनेरीको खाँचो त तपाईलाई भन्दा पनि हराएका अनि नरकतिर गइरहेका मानिसहरुलाई छ, जोहन । लौ, बरु हामी लूका १२:२२-३४ पढौंन ।

यो अध्ययनद्वारा तपाईको मन र हृदय प्रज्वलित होस् अनि तपाईका मानिसहरुलाई सबै कुराभन्दा पहिले परमेश्वरको राज्य खोज्न सक्ने गरी तयार पार्न सकूँ भनी प्रार्थना गर्नोस् । अनि, लूका १२:२२-३४ पढेर धेरै चिन्ता लिनेहरुलाई परमेश्वर के भन्नुहुन्छ भनी पत्ता लाउनोस् ।

के चराहरु के खाउँला भनी चिन्ता गर्छन् ? _____

किन गर्दैनन् ? (लूका १२:२४) तपाईको उत्तर लेख्नोस् ।

_____

को चाहिँ भौतिक थोकहरुको निम्ति मात्र चिन्तित बन्दछन् ? (लूका १२:३०)

_____

हामी विश्वासीहरुको निम्ति अति मुख्य कुरो के छ ? (लूका १२:३१)

_____

_____

तपाईले के पाउने ठूलो इच्छा राख्नुभएको छ ?

☐ भौतिक थोकहरु ।

☐ परमेश्वरको राज्यमा प्रवेश गर्ने अनि उहाँको इच्छा पूरा गर्ने ।

यदि हामी धनी मानिसहरुको डाह गर्दछौं भने के हुनेछ ?

☐ हामी आत्मिकी रुपमा बिरामी पर्नेछौं ।

☐ हामी जे चाहन्छौं, त्यही पाउनेछौं ।




भएको कुरा सोंच्नु ता केवल ईर्ष्याको कुरा मात्र हो । ईर्ष्याले तपाईको प्राणलाई चिथ्रा चिथ्रा पार्दछ । पर मेश्वरलाई पहिले खोज्नोस् । हामीले खानुपर्छ भनी उहाँ जान्नुहुन्छ । उहाँले लूका १२:२९ मा भन्नुभएको छ "के खाऔंला कि के पिऔंला भनी तिमीहरु खोजी नबस, र चिन्तित पनि नहोओ ।"

तर, यदि यी कुराहरुको चिन्ता मैले लिइनँ भने कसले लिन्छ त ? त्यसपछि धनी मानिसहरुले त हामीतर्फ ध्यानै लाउँदैनन् नी !
तर हामी परमेश्वरमा भरोसा गर्दछौं । अर्को पदमा प्रभु येशूले भन्नुभयो, "किनकि संसारका सबै मानिसहरु यी कुराहरुको खोजीमा रहन्छन् । तिमीहरुका पिताले जान्नुहुन्छ कि तिमीहरुलाई यी कुराहरुको खाँचो छ ।"

काम गरिरहन्छ। उनले उसलाई यो पद कण्ठ गर्न दिन्छः

तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरुका निम्ति थपिनेछन्।

(मत्ती ६:३३)

हुन्छ । म साँच्चै सबैभन्दा बढी परमेश्वरको राज्य र धार्मिकता खोज्न चाहन्छु । यसको निम्ति म दिनहुँ प्रार्थना गर्न र मेरो बाइबल पढ्न चाहन्छु ।



कस्तो गजबको कुरा । आजैदेखि परमेश्वरका कुराहरु सोंच्न थाल्नोस् । परमेश्वर अनि अरु मानिसहरुको निम्ति तपाईले साँचो प्रेम महसूस गर्नु हुनेछ । तपाईका चिन्ताहरुलाई बिर्सिदिनोस् । तपाईको प्रेम र विश्वासद्वारा तपाईलाई चाहिएका थोकहरु परमेश्वरले जुटाउनु हुनेछ । तपाई स्वयंले आफैलाई अनुशासन गर्न उहाँले सहायता गर्नुहुनेछ । हरेक दिन उहाँको वचनमा प्रार्थना गर्न र मनन गर्न नबिर्सनोस् । शैतानले तपाईलाई बिर्साउने प्रयास गर्नेछ । सहायताको निम्ति हामी अहिल्यै प्रार्थना गरौं ।



पिता, म यी सबै कुरो बुझ्न सक्तिनँ । तर बाइबलले यसै भन्छ । सत्य यही हो । भौतिक थोकको निम्ति चिन्ता गर्नुभन्दा बरु म पहिले तपाईको राज्य खोज्नेछु ।

विश्वासको यो पाइला सार्नु भएकोमा पर मेश्वरले तपाईलाई आशिष दिनुहुनेछ !
धन्यवाद । अब म मेरी पत्नीसंग पनि कुरा गर्नेछु अनि उनीसंग प्रार्थना गर्नेछु ।

अर्को दिन...

सु...! हेर ! एक जना धनी मानिस गइरहेछ । गएर उसलाई भनिदेओ कि ऊ कति गरीब छ भनेर । उसकोबाट केही कुरा लेओ !



जोहनले हरेक दिन प्रार्थना गर्दछ अनि परमेश्वरको वचनमा मनन गर्ने काम जारी राख्छ। त्यसपछि....

परमेश्वरले हामीलाई आशिष दिइरहनुभएको छ । मैले मेरी पत्नीलाई लूका १२:२२-३४ को खण्ड बुझाइदिएँ, अनि हामीले प्रार्थना गर्‍यौं । अब हामीले परमेश्वरको राज्य र उहाँको धार्मिकता पहिले खोजी गरिरहेका छौं । तपाईले भन्नुभए जस्तै गरी हामीले आफैलाई अनुशासन गरिरहेका छौं ।



अनि तपाईले पालना गर्नु भएको अनुशासन चाहिँ के हो ?

साँच्चै, हरेक बिहान आजको निम्ति तपाईको इच्छा देखाइदिनु होस् भनी म प्रभुसंग प्रार्थना गर्दछु । अनि कामको निम्ति जानु अघि म बाइबल पढ्दछु । त्यस पछि म यसको बारेमा बाटोभरि सोंचिरहन्छु ।



जोहन, पवित्र आत्माले तपाईको हृदयमा काम गरिर हनु भएको रहेछ । अब तपाई अघि जस्तै गरी तपाईको गरि बीपनको निम्ति चिन्तित बन्नुहुनेछैन ।

अब ता म यस बारेमा सोंच्दै सोंच्दिनँ। परमेश्वरले मलाई शान्ति दिनुभएको छ। हिज हामीसंग केही खानेकुरो थिएन। तर हामीले प्रार्थना गऱ्यौं। मैले यसलाई प्रभुकै हातमा छोडिदिएँ। पछि हाम्रो छिमेकी पीटर आउनुभयो। उहाँले हामीलाई पूरा भान्साघरै छोडिदिनु भयो। पीटरले भन्नुभयो कि त्यो कुखुराको मासु कसैलाई दिनको निम्ति परमेश्वर हाम्रो हृदयमा बोल्नुभयो। हामीले बाँडेर खानको निम्ति उहाँले अगुवाइ गर्नुभयो। एक वर्ष अघि पीटरले दशांश दिन थालेको हो। अहिले उसले गरेको हरेक काममा उनी आशिषित भएको देखिन्छ।



अनि तपाई ?

धेरै इसाईहरु भौतिक रुपमा गरीब छन्, तर खीष्टमा धनी छन् । (१ पत्रुस १:३-७)

हाम्रा गरीबीपनबाट हामी निरुत्साहित नबनौं ।
(फिलिप्पी ४:११-१४)

कोही पनि आफ्नो गरिबीपनाको बहाना गरेर खीष्टको काममा सहयोग गर्ने अधिकारबाट वञ्चित हुनुहुँदैन । (लूका २१:१-४)

यदि तिनीहरुले थुपारी मात्र राख्छन् भने तिनीहरु सधैं गरीब र हने छन् । यदि हामी उदार भयौं भने, परमेश्वर पनि हामीप्रति उदार बन्नुहुनेछ । (लूका ६:३८)

सारांश जाँच

१. परमेश्वरलाई हामीले भौतिक आशिष माग्नु अघि, हामीले के गर्नु आवश्यक छ ?

- ☐ परमेश्वरको राज्य खोजी गर्ने अनि उहाँको इच्छा पूरा गर्ने ।
- ☐ हाम्रा धनी साथीहरुलाई केही कुराहरु माग्ने ।
- ☐ चिन्तित र उदास बनेर वरिपरि घुमिबस्ने ।

परमेश्वरसंग भौतिक कुराहरु माग्नलाई मनाही गरिएको छैन, तर हामीले सर्वप्रथम आत्मिकी कुरा खोज्नु पर्दछ । तब हामीले हाम्रा दैनिक खाँचोहरुको निम्ति माग्न सक्छौं ।

२. जब हामीलाई खाँचो पर्दछ, हामी कसकहाँ पहिले जानुपर्छ ?

☐ मिसनेरीकहाँ ।

☐ हाम्रा सबभन्दा धनी छिमेकीकहाँ ।

☐ सरकारकहाँ ।

☐ परमेश्वरकहाँ ।

३. तपाईलाई चाहिएको थोकको निम्ति के तपाई पहिले परमेश्वरकहाँ जाने गर्नुहुन्छ ?

☐ ज्यू, जाने गर्छु ।

☐ अहँ, तर अब जाने गर्छु ।

अभ्यासको काम

- तपाईको मण्डली अथवा झुण्डलाई पहिले परमेश्वरको राज्य अनि उहाँको धार्मिकता खोज्न सिकाउनोस् ।

- तिनीहरुको जीवनको राजा, खीष्टको इच्छा जान्न परमेश्वरको वचनमा दिनहुँ मनन गरौं अनि प्रार्थना गरौं ।

- मण्डलीका मानिसहरुको भौतिक जीवनको सन्दर्भमा बाइबललाई प्रयोग गर्दै अनि उहाँका आज्ञाहरु पालन गर्दै उहाँको इच्छा पालन गराउनोस् ।

- भौतिक थोकहरुको बारेमा उत्ति चिन्ता नगरी, तिनीहरुको आवश्यकताहरुको निम्ति परमेश्वरमा भरोसा गर्न सिकाउनोस् ।

टिप्पणीहरु:

_____

_____

_____

_____

_____

_____

टिप्पणीहरु

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

029NP01A-01